# बारा जिल्लाको सुवर्ण गाउँपालिकाबाट संचालित विभिन्न कार्यक्रमहरुमा नक्कलि विल/भरपाई पेश गरी आर्थिक अनियमितता गरेको भन्ने सम्वन्धमा गरीएको अध्ययन प्रतिवेदन-२०७७

## १. पृष्ठभूमी

केन्द्रको निर्णयानुसार हामिहरुलाई केन्द्रमा प्राप्त वारा जिल्लाको सुवर्ण गाउँपालिकावाट संचालित विभिन्न कार्यक्रमहरुमा नक्कलि वील/भरपाई पेश गरी आर्थिक अनियमितता गरेको हुँदा छानविन गरी कारवाही गरीपाउँ भन्ने समेतको उजुरीका सम्वन्धमा छानबिन गरी प्रतिबेदन पेश गर्न खटाईएकोमा निम्नानुसारको प्रतिबेदन पेश गरेका छौ ।

## २. उजुरी तथा छानविनको विषयवस्तु

क. वारा जिल्लाको सुवर्ण गाउँपालिकाका अध्यक्ष महेन्द्र प्रसाद यादव, उपाध्यक्ष वविता यादव र प्रशासकिय अधिकृत नविन श्रीवास्तव समेतको मिलेमतोमा नेपाल सरकार अर्थ मन्त्रालयले कोरोना महामारीको अवसरमा कुनैपनि एन.जि.यो. तथा आई.एन.जि.यो. मार्फत कार्यक्रम नचलाउने निर्देशन तथा परिपत्र विपरीत आफ्नो मान्छेलाई कार्यक्रम दिई कार्यक्रम नै नगरी काम कागजमा मात्र सिमित गरी नक्कली कार्यक्रम गरी नक्कलि वील/भरपाईका आधारमा करोडौ रकम वाडफाड गरेको ।

ख. कार्यकारी प्रमुखले नियमले नपाउने लाखौ रकम निकासा लिई गाडी सुविधा, कलैयामा लाखौ पर्ने आवास सुविधा तथा आवासमा लाखौको कार्पेट ओछ्याएको लगायत अन्य विभिन्न सुविधाहरु लिई भ्रष्टाचार गरेको ।

## ३. छानविनवाट प्राप्त तथ्यहरु

वारा जिल्लाको सुवर्ण गाउँपालिकाका अध्यक्ष महेन्द्र प्रसाद यादव, उपाध्यक्ष वविता यादव र प्रशासकिय अधिकृत नविन श्रीवास्तव समेतको मिलेमतोमा नेपाल सरकार अर्थ मन्त्रालयले कोरोना महामारीको अवसरमा कुनैपनि एन.जि.यो. तथा आई.एन.जि.यो. मार्फत कार्यक्रम नचलाउने निर्देशन तथा परिपत्र विपरीत आफ्नो मान्छेलाई कार्यक्रम दिई कार्यक्रम नै नगरी काम कागजमा मात्र सिमित गरी नक्कली कार्यक्रम गरी नक्कलि वील/भरपाईका आधारमा करोडौ रकम वाँडफाँड गरेको सम्वन्धमा निम्नानुसार रहेको देखिन्छः-

- सुवर्ण गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७६/१२/२३ मा वसेको बैठकले निम्न प्रस्तावमा निम्नानुसारको निर्णय गरेको देखिन्छ ।

१. सुवर्ण गाउँपालिका भित्र प्रत्येक वडामा राहत पाउने लाभग्राही समूहको पहिचान गर्ने ।

२. प्रत्येक वडावाट लाभग्राही समुहको तथ्यांक संकलन गर्ने ।

३. प्रत्येक वडालाई गाउँपालिकावाट रु.१,२५,०००। वरावरको रकमको राहत सामाग्री (मास्क, ह्यान्डवास आदि) वितरण गर्ने ।

४. प्रदेश सरकारले गाउँपालिकालाई उपलब्ध गराएको रकम रु. १०,०० ,०००।को राहत वितरण सम्वन्धित वडामा पहिचान समितिको माग वमोजिम प्रत्येक वडामा रु. १,२५,०००। का दरले उपलब्ध गराउने भनि निर्णय गरेको देखिन्छ ।

♠ मिति २०७६/१२/२६ मा वसेको गाउँ कार्यपालिकाको बैठकले राहत कोष (प्रकोप ब्यबस्थापन कोष) को रकम जम्मा गर्ने सम्वन्धमा छलफल गर्दा आ.व. ०७६/७७ को तेश्रो गाउँ सभा तथा आ.व. ०७६/७७ को चौधौ (विशेष) गाउँ सभावाट पारित देहायका कार्यक्रमवाट प्रकोप ब्यवस्थापन कोषमा जम्मा गरी राहत वितरण सम्वन्धि कार्य गर्ने भनि निर्णय गरेको देखिन्छ ।

निम्न

| सि.नं. | शिर्षक | राहत कोषमा विनियोजन रकम रु. |
|---|---|---|
| १ | मसलन्द तथा कार्यालय संचालन | १०,००,०००। |
| २ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन | १०,००,०००। |
| ३ | सूचना प्रणाली/सप्टवेयर संचालन | ५,००,०००। |
| ४ | कर्मचारी तालिम | ५,००,०००। |
| ५ | विविध | १०,००,०००। |
| ६ | उद्धार राहत तथा पुनस्थापना | ५,००,०००। |
| ७ | कम्प्युटर सप्टवेयर निर्माण/खरिद | १०,००,०००। |
| ८ | समपुरक कोष | ७,००,०००। |
| ९ | पूँजीगत सुधार खर्च | १०,००,०००। |
| | जम्मा | ७२,००,०००। |

यसरी रकमान्तर गरीएको रकम आगामी गाउँसभावाट अनुमोदन गराउने गरी उक्त रकम कोरोना रोकथाम तथा नियंत्रणमा (सम्वन्धित स्वास्थ्य संस्था, कार्यालय वा तोकिएको क्षेत्रमा) खटिएका कर्मचारी, स्वास्थ्यकर्मी वा पदाधिकारीको कोरोना भाईरसवाट हुने क्षतीको क्षतिपूर्ती तथा सम्पूर्ण उपचार खर्च गाउपालिकाले ब्यहोर्नै, कोरोना भाईरस संङ्कमणवाट कार्यसंचालनको क्रममा मृत्यू भएमा कर्मचारी, स्वास्थ्यकर्मी वा पदाधिकारीको क्षतिपूर्ती रकम रु.२५,००,०००। गाउँपालिकाको कोषवाट ब्यहोर्ने निर्णय गरेको देखिन्छ।

त्यसैगरी प्रदेश सरकारवाट प्राप्त रकम राहत वाँडफाँड गर्ने र गाउँपालिकाको आगामी बैठकवाट रकम छुट्याई राहत वाडफाँड गर्ने र प्रत्येक वडालाई यस भन्दा पहिला मास्क, सावुन आदि सामाग्री वितरण

गर्नको लागि प्रत्येक वडालाई रकम रु.१,२५,०००।का दरले पेश्की उपलब्ध गराईएकोमा सोही कार्यको लागि अपुग रकम रु.१,००,०००। सबै वडाको लागि एकमूष्ट रकम विविध खर्चवाट छुट्याईएको र सो रकम सोधभर्ना स्वरुप भुक्तानी दिने भनि निर्णय गरेको देखिन्छ ।सोही निर्णय वमोजिम प्रत्येक वडा सचिवलाई पेश्की रकम उपलब्ध गराई मास्क तथा सावुन खरिद गरी वितरण गरेको संलग्न कागजातहरुवाट देखिन्छ ।

गाउँ कार्यपालिकाको मिति २०७६/१२/२३ मा वसेको बैठकले प्रदेश सरकारले गाउँपालिकालाई उपलब्ध गराएको रकम रु१०,००,०००।को राहत वितरण सम्वन्धमा सम्वन्धित वडामा पहिचान समितिको माग वमोजिम प्रत्येक वडामा रकम रु.१,२५,०००। का दरले उपलब्ध गराउने र राहत सामाग्री वितरण गर्ने भनि निर्णय गरेको देखिन्छ र सोही वमोजिम प्रत्येक वडाका वडा सचिवलाई पेश्की उपलब्ध गराएको संलग्न कागजातहरुवाट देखिन्छ ।

यसरी प्राप्त रकम वडा नं. १ ले २७५ घरधुरीलाई रु.४५५। का दरले रु.१,२५,१२५।नगदै वितरण गरेको देखिन्छ ।

त्यसैगरी वडानं. २ ले १८५ घरधुरीलाई चामल १० केजी, दाल १ केजी, आलु २ केजी र नुन १ केजीको दरले वितरण गरेको संलग्न कागजातहरुवाट देखिन्छ ।

त्यसैगरी उक्त गा.पा.को वडानं. ३ ले २१२ घरधुरीलाई ८ केजी चामल, १ केजी दाल, ५०० ग्राम तेल र १ केजी नुन वितरण गरेको संलग्न कागजातवाट देखिन्छ ।

त्यसैगरी वडा नं. ४ ले लक्षित समूह पहिचानको आधारमा २८५ घरपरिवारलाई रु.४४०। का दरले नगद रकम राहत वितरण गरेको देखिन्छ ।

त्यसैगरी वडा नं. ५ ले १२३ घरपरीवारलाई रु.१,०१६। का दरले नगद वुझाएको संलग्न भरपाईवाट देखिन्छ ।

त्यसैगरी वडा नं. ६ ले २८८ घरपरीवारलाई राहत स्वरुप रु.४३४। का दरले नगदै बुझाएको संलग्न भरपाईवाट देखिन्छ ।

त्यसैगरी वडा नं. ७ ले २२१ घरपरीवारलाई राहत स्वरुप रु.५६५। का दरले नगदै बुझाएको संलग्न भरपाईवाट देखिन्छ ।

त्यसैगरी वडा नं. ८ ले २३९ घरपरीवारलाई राहत स्वरुप रु.५२०। का दरले नगदै बुझाएको संलग्न भरपाईवाट देखिन्छ ।

सुवर्ण गाउँपालिकाको मिति २०७७/१/६ र २०७७/१/१२ को बैठकले राहत वितरण सम्वन्धमा वडा नं १ मा ६८५ घरधुरी, वडानं. २ मा ६०० घरधुरी, वडा नं. ३ मा ७५० घरधुरी, वडा नं. ४ मा ६०० घरधुरी, वडा नं. ५ मा ५०० घरधुरी, वडा नं. ६ मा ८०० घरधुरी, वडा नं. ७ मा ८०० घरधुरी र वडा नं. ८ मा ६०० घरधुरी गरी जम्मा ५३३५ घरधुरीलाई चामल १५ किलो, दाल २ किलो , नुन १ प्याकेट, आलु ३ किलो र तेल १ लिटर गरी जम्मा रु.१,२५५। का दरले वितरण गर्ने निर्णय गरेको देखिन्छ ।

त्यसैगरी प्रति वडा प्रति ब्यक्ति रु.१२५५। का दरले जम्मा घरधुरी ५३३५ को जम्मा रकम रु.६६,९५,४२५। छुट्याईएको देखिन्छ ।

यसरी हेर्दा वडानं. १ मा ६८५ परिवारलाई रु.१२५५ का दरले रु.८,५९,६७५, वडा नं. २ मा ६०० परीवारलाई रु.१२५५। का दरले रु.७,५३,००।, वडा नं. ३ मा ७५० परीवारलाई रु.१२५५। का दरले रु.९,४२,२५०।, वडा नं. ४ मा ६०० परीवारलाई रु.१२५५। का दरले रु.७,५३,०००।, वडा नं. ५ मा ५०० परीवारलाई रु.१२५५। का दरले रु.६,२७,५००।, वडा नं. ६ मा ८०० परीवारलाई रु.१२५५। का दरले रु.१०,०४,०००।, वडा नं. ७ मा ८०० परीवारलाई रु.१२५५। का दरले रु.१०,०४,०००।, वडा नं. ८ मा ६०० परीवारलाई रु.१२५५ का दरले रु.७,५३,०००।, गरी जम्मा ५३३५ परीवारलाई वडा अनुसार जम्मा रकम रु.६६,९५,४२५। खर्च गर्ने भनि निर्णय भएको देखिन्छ ।

उक्त राहत सामाग्री खरिदको प्रकृया टेण्डरवाट गर्ने र राहत सामाग्री खरिदको भुक्तानी प्रकोप ब्यबस्थापन कोष खातावाट गर्ने भनि निर्णय गरेको देखिन्छ साथै  क्वारेन्टाईनको रासनको खर्च समेत प्रकोप ब्यबस्थापन कोषवाट गर्ने निर्णय गरेको देखिन्छ ।

राहत सामाग्री खरिद प्रकृयाको सम्वन्धमा गाउँपालिकाले नै एकमूष्ट खरिद गरी सबै वडाहरुलाई आबस्यक संख्यामा उपलब्ध गराउने निर्णय गरेको देखिन्छ ।

गाउँपालिकावाट खरिद भै वडामा प्राप्त सामाग्री वडा नं ८ ले ६५२ घर परीवारलाई,  वडा नं. ७ मा ८०० परीवारलाई नं. ६१२ मा ८०० परीवारलाई, वडा नं. ५ मा ५०० परीवारलाई, वडा नं. ४ मा ६०० परीवारलाई, वडा नं. ३ मा ७५० परीवारलाई   वडा नं. २ मा ६०० परीवारलाई   वडानं. १ मा ६८५ परिवारलाई  राहत सामाग्री वितरण गरेको संलग्न भरपाईवाट देखिन्छ ।

क्वारेन्टाईन संचालन तथा खर्च ब्यवस्थापन सम्वन्धमा उक्त गाउँपालिकाको कार्यपालिकाको मिति २०७६/१२/१९ को बैठकले क्वारेन्टाईन संचालन तथा क्वारेन्टाईनमा रहेका ब्यक्तिहरुको खाजा, खाना वापत गाउँपालिकाको कार्यपालिकाको मिति२०७७/२/५ को बैठकको निर्णयानुसार क्वारेन्टाईन संचालनमा खाना र नास्ताको समय तालिका र गुणस्तरीयता सम्वन्धि ब्यबस्थापन क्वारेन्टाईन संचालन ब्यबस्थापन

समितिले गरे वमोजिम हुने, क्वारेन्टाईनमा खाना र नास्ता वापत प्रतिदिन प्रति ब्यक्ति रु.५१०। का दरले खाना तथा नास्ता वापत दिने ।

क्वारेन्टाईनको लागि आवस्ययक पर्ने सामाग्री कोटेशनवाट खरिद गरी वितरण गरेको संलग्न कागजातवाट देखिन्छ ।

यसरी हेर्दा सुवर्ण गाउँपालिकाले आफ्नो कोषको रकम तथा प्रदेश सरकारवाट कोरोना नियंत्रणको लागि प्राप्त रकम तथा राहत समाग्री नगरपालिका आफै तथा वडा कार्यालयहरु मार्फत खर्च तथा वितरण गरेको वील/भरपाईवाट देखिदा उजुरीमा उल्लेख भएजस्तो एन.जि.यो. तथा आई.एन.जि.यो. मार्फत कार्यक्रम चलाई रकम हिनामिना भएको भन्ने कुरामा सत्यता देखिएन ।

छानविन समितिले उक्त गाउपालिकामा आ.व. ०७६/७७ मा दैनिक भ्रमण भत्ता सम्वन्धमा भएको खर्च विवरण हेर्दा निम्नानुसार रहेको देखिन्छः-

| क्र.सं. | कर्मचारीको नाम,पद | भ्रमण स्थान | उद्येश्य | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ना.सू. संजिव राम | वीरगंज, जनकपुर, हेटौडा,सिमरा, निजगढ | कार्यालय प्रयोजन | ९,५००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको । |
| २ | चालक मुकेश प्रसाद यमदव | काठमाण्डौ | आबस्यक काम | ६,०००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ३ | का.स. पचुहजारा प्रसाद | विरगंज | उद्येश्य नभएको | ४,२००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ४ | सहायक पाँचौ प्रिन्स कुमार साह | को.ले.नि.का. वारा | तालिम | ३,६००। | कार्यरत जिल्लामा समेत भ्र.भ. लिएको |
| ५ | ख. हरीनारायण प्र. चौरासिया | काठमाण्डौ | कार्यालय प्रयोजन | १०,५००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ६ | ख. नरेस प्र.चौधरी | काठमाण्डौ | कार्यालय प्रयोजन | ६,९००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | का.स. हनिफ मिया धोवी | सुवर्ण गा.पा. | पारीवारीक | ८,५००। | सम्वन्धित जिल्लामा पारीवारीक सरुवा |
| ८ | का.स. प्रमेन्द्र चौधरी | सुवर्ण गा.पा. | कार्यालय काम | ५,२५०। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ९ | का.स. रामजी हजरा | वीरगंज/सिमरा | कार्यालय प्रयोजन | ६,२६०। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| १० | का.स. चन्डेश्वर प्र. साह | कलैया/सुवरण गा.पा. | चिठ्ठीपत्र बुझाउने | ६,२१५। | आफ्नै गाउँपालिकामा भ्रमण खर्च भुक्तानी |
| ११ | ख. रामआधार साह | काणमाण्डौ | कार्यालय प्रयोजन | १०,२५०। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| १२ | वार्ड अध्यक्ष रंजित प्र. यादव | काणमाण्डौ | कार्यालय प्रयोजन | ९,९००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| १३ | वार्ड अध्यक्ष रंजित प्र. यादव | काठमाण्डौ | कार्यालय प्रयोजन | ६,६००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| १४ | का.स. शेषराजा हुसेन | कलैया/विरगंज | कार्यालय प्रयोजन | ५,५००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| १५ | वार्ड अध्यक्ष राम एकवाल साह | काठमाण्डौ | कार्यालय प्रयोजन | १०,२००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| १६ | वार्ड अध्यक्ष महेन्द्र राउत | काठमाण्डौ | स्वास्थ्य मन्त्रालय | ९,७००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| १७ | का.स. पंचुहजारा प्रसाद | सेमसर/विरगंज | कार्यालय प्रयोजन | ७,१९०। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | ख. हरिनारायण प्र. चौरसिया | काठमाण्डौ | कार्यालय प्रयोजन | १०,५००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| १९ | का.स. पुरन व. नेवार | कोलेनिका, वारा | पत्र वुझाउन | ७,६५०। | सम्वन्धित जिल्लामा भ्रमण गर्दा रकम भुक्तानी |
| २० | प्र.प्र.अ. नविन कुमार श्रीवास्तव | गा.पा.का वडाहरु | नभएको | ३,५००। | मेला ब्यवस्थापन |
| २१ | का.स. हनिफ मिया | गा.पा. भित्र | स्यंसेवक | ३,५००। | मेला ब्यवस्थापन |
| २२ | का.स. छोटेलाल यादव | गा.पा. भित्र | स्यंसेवक | ३,५००। | मेला ब्यवस्थापन |
| २३ | का.स. पंचु हजारे | गा.पा. भित्र | स्यंसेवक | ३,५००। | मेला ब्यवस्थापन |
| २४ | का.स. रामजी हजारा | गा.पा. भित्र | स्यंसेवक | ३,५००। | मेला ब्यवस्थापन |
| २५ | रोजगार संयोजक सुदिप मंडल | गा.पा. भित्र | स्यंसेवक | ३,५००। | मेला ब्यवस्थापन |
| २६ | का.स. सुजिता कुमारी | गा.पा. भित्र | स्यंसेवक | ३,५००। | मेला ब्यवस्थापन |
| २७ | का.स. निरज कुमार सिंह | गा.पा. भित्र | स्यंसेवक | ३,५००। | मेला ब्यवस्थापन |
| २८ | ट्याकटर चालक अजय कु. नाडव | गा.पा. भित्र | स्यंसेवक | ३,५००। | मेला ब्यवस्थापन |
| २९ | ट्याकटर चालक महेश कुमार यादव | गा.पा. भित्र | स्यंसेवक | ३,५००। | मेला ब्यवस्थापन |
| ३० | का.स. दरोगा साह | गा.पा. भित्र | स्यंसेवक | ३,५००। | मेला ब्यवस्थापन |
| ३१ | पोषण स्यंसेवक अखिलेस कु. यादव | गा.पा. भित्र | स्यंसेवक | ३,५००। | मेला ब्यवस्थापन |
| ३२ | का.स. सहदेव हजार | गा.पा. भित्र | स्यंसेवक | ३,५००। | मेला ब्यवस्थापन |
| ३३ | का.स. वानवारी हजारा | गा.पा. भित्र | स्यंसेवक | ३,५००। | मेला ब्यवस्थापन |
| ३४ | पाले महादेव हजारा | गा.पा. भित्र | स्यंसेवक | ३,५००। | मेला ब्यवस्थापन |
| ३५ | का.स. लालवावु सहनी | गा.पा. भित्र | स्यंसेवक | ३,५००। | मेला ब्यवस्थापन |

| | | | | | |
|---|---|---|---|---|---|
| ३६ | का.स. शेषराजा हुसेन | गा.पा. भित्र | स्यंसेवक | ३,५००। | मेला ब्यवस्थापन |
| ३७ | नासु संजिव राम | गा.पा. भित्र | स्यंसेवक | ३,५००। | मेला ब्यवस्थापन |
| ३८ | का.स. चन्डेश्वर प्र. साह | गा.पा. भित्र | स्यंसेवक | ३,५००। | मेला ब्यवस्थापन |
| ३९ | सलेपा राकेश प्र. यादव | गा.पा. भित्र | स्यंसेवक | ३,५००। | मेला ब्यवस्थापन |
| ४० | जेसिवी चालक सुभास प्र. यादव | गा.पा. भित्र | स्यंसेवक | ३,५००। | मेला ब्यवस्थापन |
| ५१ | ख. नरेस प्र. चौधरी | गा.पा. भित्र | स्यंसेवक | ३,५००। | मेला ब्यवस्थापन |
| ४२ | का.स. वलिराम प्र. यादव | गा.पा. भित्र | स्यंसेवक | ३,५००। | मेला ब्यवस्थापन |
| ४३ | ख. हरीनारायण प्र चौरसिया | गा.पा. भित्र | स्यंसेवक | ३,५००। | मेला ब्यवस्थापन |
| ४४ | का.स. मुना यादव | गा.पा. भित्र | स्यंसेवक | ३,५००। | मेला ब्यवस्थापन |
| ४५ | रोजगार संयोजक सुदिप मंडल | जनकपुर | कार्यालय प्रयोजन | १०,७००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ४६ | ख. ओम प्र. साह | काठमाण्डौ | कार्यालय प्रयोजन | १०,०००। | भ्रमण प्रतिबेदन नभएको |
| ४७ | ले.पा. प्रिन्स कुमार साह | हेटौडा | कार्यालय प्रयोजन | ५,५००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ४८ | का.स. हरसित राउत | गा.पा. भित्र | कार्यालय प्रयोजन | ४,९००। | सम्वन्धित गा.पा.मा भ्रमण |
| ४९ | ना.सु. सरोज प्र. पटेल | जनकपुर | कार्यालय प्रयोजन | १०,८००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ५० | रा.प.अ. प्र. संजिव राम | जनकपुर/विरगंज | कार्यालय प्रयोजन | ९,०६०। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ५१ | वार्ड सदस्य उर्मिला देवी | काठमाण्डौ | कार्यालय प्रयोजन | ८,२००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रतिबेदन नभएको |
| ५२ | का.स. चन्देश्वर प्र. साह | गा.पा. भित्र | पत्र बुझाउने | ६,०००। | गा.पा. भित्र दैनिक भ्रमण भत्ता उपलब्ध |
| ५३ | प्र.प्र.अ. नविन कुमार श्रीवास्तव | गा.पा.का वडाहरु | खोप अनुगमन | ४,९००। | गा.पा. भित्र खोप अनुगमन |
| ५४ | प.से.प्रा. सरोज प्र. पटेल | गा.पा.का वडाहरु | खोप अनुगमन | ४,४००। | गा.पा. भित्र खोप अनुगमन |
| ५५ | प.से.प्रा. सरोज प्र. पटेल | जनकपुर | घासको वीउ लिन | ९,०००। | भ्रमण प्रतिबेदन नभएको |
| ५६ | का.स. शेषराजा हुसेन | काठमाण्डौ | कार्यालय प्रयोजन | ८,५०० | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ५७ | ना.सु. संजिवराम | विरगंज | कार्यालय प्रयोजन | ८,०९०। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ५८ | प्र.प्र.अ. नविन कुमार श्रीवास्तव | सिमरा,वारा | कार्यालय प्रयोजन | ४,१००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ५९ | प्र.प्र.अ. नविन कुमार श्रीवास्तव | मलंगवा, सर्लाही | कार्यालय प्रयोजन | ७,८००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ६० | वडा अध्यक्ष विजय कुमार सिंह | काठमाण्डौ | कार्यालय प्रयोजन | १०,०००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ६१ | वडा अध्यक्ष शिवधारी दास तत्मा | काठमाण्डौ | कार्यालय प्रयोजन | १०,१००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ६२ | छैंठौ सत्रोहन साह | काठमाण्डौ | कार्यालय प्रयोजन | ७,७००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ६३ | चालक मुनेश पासवान | वर्दिवास | कार्यालय प्रयोजन | १७००। | उद्येश्य स्पष्ट नभएको |

| | | | | | |
|---|---|---|---|---|---|
| ६४ | का.स. हनिफ मिया | विरगंज | कार्यालय प्रयोजन | ४,०००। | उद्येश्य स्पष्ट नभएको । |
| ६५ | गा.पा.अध्यक्ष महेन्द्र प्र. यादव | जनकपुर | कार्यालय प्रयोजन | ५,३००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ६६ | गा.पा.अध्यक्ष महेन्द्र प्र. यादव | वर्दिवास | कार्यालय प्रयोजन | ५,३००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ६७ | का.स. रामजी हजारा | गा.पा. भित्र/विरगंज | पत्र बुझाउने | ६,०५०। | गा.पा. भित्र दै.भ्र.भ. उपलब्ध |
| ६८ | छैठौ सुरेन्द्र प्र. साह | कलैया, वारा | HMIS Tools ल्याउने | ५,०००। | जिल्ला सदरमुकाम जादा दै.भ्र.भ. उपलब्ध |
| ६९ | छैठौ सुरेन्द्र प्र. साह | कलैया, वारा | सामान ल्याउने | ५,०००। | जिल्ला सदरमुकाम जादा दै.भ्र.भ. उपलब्ध |
| ७० | वडा अध्यक्ष विजय कुमार सिंह | जनकपुर | कार्यालय प्रयोजन | ४,०००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ७१ | वडा अध्यक्ष दोलेन्द्र प्र.यादव | जनकपुर | कार्यालय प्रयोजन | ४,०००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ७२ | प्र.प्र.अ. नविन कुमार श्रीवास्तव | विरगंग/सिमरा | कार्यालय प्रयोजन | ९,४००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ७३ | प्र.प्र.अ. नविन कुमार श्रीवास्तव | काठमाण्डौ | कार्यालय प्रयोजन | ९,९००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ७४ | ख. जगत कुमार यादव | काठमाण्डौ | कार्यालय प्रयोजन | ७,७००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ७५ | ख. हरी नारायण प्र. | विरगंज | कार्यालय | ६,८००।। | उद्येश्य स्पष्ट |

| | | | | | |
|---|---|---|---|---|---|
| | चौरसिया | | प्रयोजन | | नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ७६ | वडा अध्यक्ष रंजित प्र. यादव | काठमाण्डौ | - | १०,०००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ७७ | वडा अध्यक्ष रंजित प्र. यादव | चितवन | कार्यालय प्रयोजन | ९,०००। | उद्येश्य स्पष्ट नभएको, भ्रमण प्रतिबेदन नभएको |
| ७८ | का.स. चन्देश्वर प्र. साह | गा.पा. भित्र | पत्र बुझाउने | ५,५००। | सम्वन्धित गा.पा. मा भ्रमण गर्दा समेत भ्रमण भत्ता उपलब्ध |
| ७८ | का.स. चन्देश्वर प्र. साह | गा.पा. भित्र | पत्र बुझाउने | ५,५००। | सम्वन्धित गा.पा. मा भ्रमण गर्दा समेत भ्रमण भत्ता उपलब्ध |
| ७९ | ई. सुनिल कुमार साह | निजगढ, वारा | | १९००। | सम्वन्धित जिल्लामा भ्रमण तथा भ्रमण प्रतिबेदन नभएको |

यसरी हेर्दा सुवर्ण गाउँपालिकावाट पदाधिकारी तथा कर्मचारीहरु भ्रमण गर्दा उद्येश्य स्पष्ट नभएको, आफ्नै गाउपालिका तथा जिल्लामा भ्रमण गर्दा समेत दैनिक भ्रमणभत्ता लिने गरेको, भ्रमण पश्चात भ्रमण प्रतिबेदन पेश नगरी दैनिक भ्रमण भत्ता भुक्तानी भएको देखिएकोले सरकारी रकम दुरुपयोग भएको हुदा संलग्नलाई कानुन बमोजिम कारवाही हुन र अब आईन्दा अत्यावस्यक सरकारी कामको सिलसिलामा मात्र भ्रमण गर्ने/गराउने ब्यवस्था मिलाउने र यसरी भ्रमण गर्दा लेखिने खर्च भ्रमण खर्च नियमावली २०६४ र त्यसपछी पटक/पटक भएका परिपत्रहरुलाई समेत पालना हुने गरी गर्ने र भ्रमण पश्चात के कामको लागि भ्रमण गरेको हो सोको प्रतिबेदनका आधारमा मात्र भुक्तानी हुने ब्यवस्था गर्न उक्त गाउँपालिकालाई निर्देशन दिन मनासिब हुने देखिन्छ ।

कार्यकारी प्रमुखले नियमले नपाउने लाखौ रकम निकासा लिई गाडी सुविधा, कलैयामा लाखौ पर्ने आवास सुविधा तथा आवासमा लाखौको कार्पेट ओछ्याएको लगायत अन्य विभिन्न सुविधाहरु लिई भ्रष्टाचार गरेको सम्वन्धमा निम्नानुसार देखिन्छः-

सुवर्ण गाउपालिका वाट जिल्ला सदरमुकाम कलैया करीव १० किलोमिटर टाढा रहेको देखिन्छ । प्रमुख कार्यकारी अधिकृत तथा लेखापाल सदरमुकाममै घर तथा कोठा भाडामा लिएर वस्ने गरेको अनुगमनको

क्रममा देखिन्छ । सदरमुकाममा भाडा लिएर कार्यकारी अधिकृत तथा लेखापाललाई राख्ने तथा खर्च गर्ने भन्ने कुनै निर्णय भएको देखिदैन ।

त्यसैगरी आ.व. ०७६/७७ को गाउँसभा संचालन गर्न विशेष निर्णयको ४ नं. मा गाउँपालिकाको कार्यालय प्रयोजनको लागि १ थान चारपाङ्गे सवारी साधन भाडामा लिने भन्ने निर्णय गरेको देखिन्छ तर प्रमुख कार्यकारी अधिकृतलाई गाडी सुविधा दिने भन्ने निर्णय भएको देखिदैन ।

## ४. सुझावहरुः

१. पदाधिकारी तथा कर्मचारीहरु भ्रमण गर्दा उद्देश्य स्पष्ट नभएको, आफ्नै गाउपालिका तथा जिल्लामा भ्रमण गर्दा समेत दैनिक भ्रमणभत्ता लिने गरेको, भ्रमण पश्चात भ्रमण प्रतिवेदन पेश नगरी दैनिक भ्रमण भत्ता भुक्तानी भएको देखिएकोले सरकारी रकम दुरुपयोग भएको हुदा संलग्नलाई कानुन बमोजिम कारवाही हुन र अब आईन्दा अत्यावश्यक सरकारी कामको सिलसिलामा मात्र भ्रमण गर्ने/गराउने व्यवस्था मिलाउने र यसरी भ्रमण गर्दा लेखिने खर्च भ्रमण खर्च नियमावली, २०६४ र त्यसपछि पटक/पटक भएका परिपत्रहरुलाई समेत पालना हुने गरी गर्ने र भ्रमण पश्चात के कामको लगि भ्रमण गरेको हो सोको प्रतिवेदनका आधारमा मात्र भुक्तानी हुने व्यवस्था गर्न उक्त गाउँपालिकालाई निर्देशन दिन मनासिब हुने देखिन्छ ।

२. सुवर्ण गाउँपालिकाको कार्यालय र जिल्ला सदरमुकामको दुरी लगभग १० कि.मि. रहेकोमा प्रमुख कार्यकारी अधिकृत तथा लेखापाल सदरमुकाममा भाडामा बसी सम्पुर्ण लेखा सम्बन्धि कागजात कार्यालयमा नभई डेरामा राखी काम गर्ने गरेको अनुगमनको क्रममा देखिएकोले निज पदाधिकारीलाई गाउँपालिका क्षेत्र भित्रै आवासको व्यवस्था मिलाई सरकारी रकममा मितव्ययिता कायम गर्न र कार्यालयसँग सम्बन्धित कागजातहरु सम्बन्धित कार्यालयमै सुरक्षित तबरले राख्ने व्यवस्था मिलाउन उक्त गाउँपालिकालाई निर्देशन दिने ।